# प्रवास नेपाली सम्पर्क विभागका संसारभरिका प्रमुखहरूद्वारा जारी प्रेस विज्ञप्ति

## प्रवास नेपाली सम्पर्क विभागको संगठनात्मक सम्बन्ध, आधिकारिक प्रतिनिधित्व तथा वंशजको नागरिकता र नागरिकता ऐन, २०६३ सम्बन्धी स्पष्ट धारणा

प्रवास नेपाली सम्पर्क विभागको तर्फबाट गैरआवासीय नेपाली संघ (NRNA), UNDO तथा अन्य संघ–संस्थासँगको सम्बन्ध, संस्थागत सहभागिता र आधिकारिक प्रतिनिधित्वका विषयमा स्पष्ट जानकारी गराउन यो प्रेस विज्ञप्ति जारी गरिएको छ।

विश्वभर रहेका नेपाली समुदायको हित, अधिकार, सेवा, सहयोग तथा नेपालसँगको सम्बन्धलाई थप प्रभावकारी बनाउँदै प्रवास नेपाली सम्पर्क विभागलाई व्यवस्थित, जिम्मेवार, सेवामुखी र सुदृढ संगठनका रूपमा विकास गर्नु हाम्रो प्रमुख प्राथमिकता हो। यसै सन्दर्भमा विभागको संगठनात्मक नीति, अन्य संघ–संस्थासँगको सम्बन्ध तथा आधिकारिक प्रतिनिधित्वका विषयमा स्पष्टता कायम गर्न आवश्यक भएकोले यो विज्ञप्ति जारी गरिएको हो।

### NRNA तथा UNDO सम्बन्धमा

प्रवास नेपाली सम्पर्क विभागको तर्फबाट हालसम्म NRNA वा UNDO सँग, अथवा तिनका निर्वाचन, समिति वा पदमा संस्थागत सहभागिता वा आधिकारिक प्रतिनिधित्व गरिएको छैन। यस सम्बन्धमा प्रवास विभागले राष्ट्रिय स्वतन्त्र पार्टीको विधान, नीति तथा संगठनात्मक व्यवस्थालाई पालना गर्दै आएको कुरा स्पष्ट जानकारी गराउन चाहन्छौँ।

संगठनको जिम्मेवारी, आधिकारिक प्रतिनिधित्व तथा संस्थागत भूमिकामा स्पष्टता कायम गर्न प्रवास नेपाली सम्पर्क विभागमा आबद्ध कुनै व्यक्ति अन्य संघ–संस्थाको पदाधिकारी वा जिम्मेवार पदमा आबद्ध हुन नमिल्ने व्यवस्था अवलम्बन गरिएको छ। कुनै व्यक्ति त्यस्तो जिम्मेवारीमा आबद्ध भएको अवस्थामा निज प्रवास विभागको संगठनात्मक जिम्मेवारीमा रहन नमिल्ने व्यवस्था हाल कायम रहेको र भविष्यमा समेत सोहीअनुसार अगाडि बढ्ने स्पष्ट पार्न चाहन्छौँ।

### अन्य संस्थासँगको सम्बन्ध र संगठनात्मक समन्वय

पार्टीबाट विभिन्न देशका प्रवास नेपाली सम्पर्क विभागको संगठनहरूलाई NRNA,UNDO लगायतका संस्थासँग संस्थागत रूपमा आबद्ध नहुन स्पष्ट संगठनात्मक निर्देशन रहँदै आएको अवस्थामा, प्रवास विभागसँग आवश्यक समन्वय नगरी पार्टीका जिम्मेवार तथा वरिष्ठ नेतृत्वसमेत विभिन्न देशमा त्यस्ता संस्थाहरूको निमन्त्रणामा सहभागी हुँदा पार्टीको आधिकारिक प्रवास संरचना र अन्य संस्थाबीचको सम्बन्धबारे सदस्य, समर्थक तथा शुभेच्छुकहरूमा अन्योल सिर्जना हुन सक्ने विषयप्रति विश्वभरका प्रवास संरचनाहरूको गम्भीर ध्यानाकर्षण भएको छ।

आगामी दिनमा यस्ता सहभागिता तथा गतिविधिमा सम्बन्धित देशको आधिकारिक प्रवास संरचनासँग आवश्यक समन्वय र संगठनात्मक स्पष्टता कायम होस् भन्ने हाम्रो अपेक्षा छ।

पछिल्लो समय विभिन्न व्यावसायिक तथा पुराना राजनीतिक पृष्ठभूमिका व्यक्तिहरूको संलग्नतामा स्थापना भएका केही संस्थाहरूले आफूलाई राष्ट्रिय स्वतन्त्र पार्टीसँग जोडेर प्रस्तुत गर्ने वा त्यस्तो भ्रम सिर्जना गर्ने गतिविधि गरिरहेको विषयसमेत हाम्रो जानकारीमा आएको छ।

विशेषगरी UNDO नामक संस्थालाई रास्वपासँग सम्बन्धित वा नजिकको संगठनका रूपमा प्रस्तुत गर्ने गतिविधिले पार्टीका सदस्य, समर्थक तथा शुभेच्छुकहरूमा भ्रम सिर्जना गर्नुका साथै प्रवास संगठन विस्तारमा समेत असर पारिरहेको देखिएको छ।

### वंशजको नागरिकता तथा प्रवासी नेपालीको अधिकार

८० लाखभन्दा बढी प्रवासी नेपालीको दीर्घकालीन हितसँग प्रत्यक्ष रूपमा जोडिएको वंशजको नागरिकता तथा प्रवासी नेपालीका नेपालभित्रका कानुनी अधिकार सुनिश्चित गर्ने विषयलाई प्रवास नेपाली सम्पर्क विभागले उच्च प्राथमिकताका साथ लिएको छ।

वंशजको नागरिकतासम्बन्धी अधिकारलाई नागरिकता ऐन, २०६३ मा आवश्यक संशोधन तथा परिमार्जनमार्फत थप स्पष्ट, सुनिश्चित र प्रभावकारी रूपमा स्थापित गर्न आवश्यक पहल गर्नुपर्ने हाम्रो दृढ धारणा छ।

यसबाट विदेशमा रहेका नेपाली मूलका नागरिक तथा उनीहरूका सन्तानको नेपालसँगको कानुनी, सामाजिक, आर्थिक तथा भावनात्मक सम्बन्धलाई थप मजबुत बनाउन सकिनेछ।

"एकपटकको नेपाली, सधैंको नेपाली" भन्ने भावनालाई व्यवहारमै चरितार्थ गर्दै प्रवासी नेपालीका नेपालभित्रका वैधानिक अधिकारहरू सुनिश्चित गर्न सकिएमा विदेशमा रहेका नेपालीहरूले नेपालमा लगानी गर्न, आफ्नो ज्ञान–सीप र पूँजी नेपालसँग जोड्न तथा नेपालको समृद्धिमा योगदान गर्न अझ बढी सुरक्षित र उत्साहित महसुस गर्नेछन्।

प्रवास विभागले यस विषयलाई केवल नागरिकताको प्रश्नका रूपमा नभई प्रवासी नेपाली र नेपालको दीर्घकालीन सम्बन्ध, लगानी, पहिचान, अधिकार तथा राष्ट्रिय समृद्धिसँग जोडिएको महत्वपूर्ण नीतिगत विषयका रूपमा लिएको छ। यसका लागि आवश्यक अध्ययन, सुझाव, नीतिगत पहल तथा सम्बन्धित निकायसँगको समन्वयलाई निरन्तरता दिइनेछ।

## प्रवासी नेपालीका अन्य सरोकार

प्रवासी नेपालीको हित, अधिकार, सुरक्षित आप्रवासन, नागरिक सेवा, प्रभावकारी कूटनीतिक सहयोग तथा प्रतिनिधित्वसँग सम्बन्धित विषयमा आवश्यक सुझाव र सरोकार नेपाल सरकार तथा सम्बन्धित निकायसमक्ष समेत संस्थागत रूपमा प्रस्तुत गर्दै जानेछौँ।

हाम्रो प्राथमिकता कुनै संघ–संस्था वा व्यक्तिसँग प्रतिस्पर्धा, आरोप–प्रत्यारोप वा विवाद गर्नु होइन। हाम्रो मूल उद्देश्य आफ्नै संगठनलाई बलियो, व्यवस्थित, अनुशासित, पारदर्शी र प्रभावकारी बनाउनु हो।

विश्वभर रहेका नेपालीलाई एउटै सञ्जालमा जोड्दै उनीहरूले भोगिरहेका वास्तविक समस्या पहिचान गर्ने, उनीहरूको आवाज सम्बन्धित निकायसम्म पुर्‍याउने र समाधानका लागि प्रभावकारी पहल गर्ने कार्य नै हाम्रो मूल उद्देश्य हो।

## प्रवास नेपाली सम्पर्क विभागका प्रमुखहरू

Asia-Pacific: Dr. Krishna Kanta Poudel:Australia; Ashok Kandel:New Zealand; Yubin

Shrestha:South Korea; Deepak KC: Japan; JB Gurung:Hong Kong; Udit khatri:Macau;

Netra Kc: Malaysia; Er. Arjun Bhandari:India; Prakash Subedi:Thailand; Prabin Karki:Maldives;

Gulf & Middle East: Padam Ale:Oman; Ishor Bhandari:Kuwait; Abdul Kareem:Qatar;

Durga Chappaign:Israel; Bhupal Bhandari:Saudi Arabia; Sujan Thapa:UAE;

Chiranjbi Pandey:Bahrain

North America: Chetraj Upadhyay : USA; Kumar Upreti: Canada

Europe: Anjan Gurung:Netherlands; Bikash Karki:Austria; Jivan Upreti:Norway; Kabindra Kayastha:France; Krishna Dahal:Belgium; Bikash Lama:Spain; Bikash Karki:Austria; Jeetu Thapa:Luxembourg; Sashi Dhakal:Denmark; Resham khatri:Switzerland; Bidur Sharma:Poland; Rukmini Bhattrai:Finland; Mina Karki:Cyprus; Amrit Poudel:Germany; Nar Phagami:Portugal; Rajendra Bhandari;Malta; Asim Diyali:Romania; Swedan:;Hungary:

मिति **२०८३ साल साउन २८ गते, बुधबार**।
(**१२ अगस्ट २०२६**)

प्रति : सम्पूर्ण पत्रकारज्यूहरू तथा सामाजिक सञ्जाल